# Global IME Capital Limited

ग्लोबल आइएमई क्यापिटल लिमिटेड

GROW WITH US

13525
Regd No. 1067/064/065

पत्रसंख्या: IB/९८/२०८३/०८४ चलानी नं.१४७४

मिति : २०८३/०५/२२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्च लिमिटेड,
सिहंदरबार प्लाजा काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

विषय : ग्लोबल आइएमई म्युचूअल फण्ड अन्तर्गतका योजनाहरुको प्रतिफल घोषणा सम्बन्धमा ।

महोदय,

यस ग्लोबल आइएमई क्यापिटल लिमिटेडको योजना व्यवस्थापनमा सञ्चालित ग्लोबल आइएमई म्युचूअल फण्ड अन्तर्गतका योजनाहरु **ग्लोबल आइएमई ब्यालेन्सड फण्ड-१** र **ग्लोबल आइएमई समुन्नत योजना-२** को आर्थिक वर्ष २०८२/०८३ को बाह्य लेखापरीक्षण सम्पन्न भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं ।

उक्त योजनाहरुको लेखापरीक्षण कार्य सम्पन्न भए लगत्तै योजना व्यवस्थापकको रुपमा रहेको यस ग्लोबल आइएमई क्यापिटल लिमिटेडको मिति २०८३ साल भाद्र २१ गते बिहान ११ बजे बसेको सञ्चालक समितिको २०७ औं बैठकको निर्णयबाट आर्थिक वर्ष २०८२/०८३ को मुनाफाबाट **ग्लोबल आइएमई ब्यालेन्सड फण्ड-१** का ईकाइधनीहरुलाई उक्त योजनाको आकारको १२ प्रतिशतका दरले हुन आउने रकम रु.१२,३०,९१,६३२।- (अक्षेरुपी रु. बाह्र करोड तीस लाख एकानब्बे हजार छ सय बत्तीस मात्र) (कर सहित) प्रतिफल वितरण गर्ने निर्णय गरिएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौ । साथै, **ग्लोबल आइएमई ब्यालेन्सड फण्ड-१** का ईकाइधनी दर्ता किताब बन्द हुने सम्बन्धी सूचना पछि प्रकाशित गरिने व्यहोरा समेत अनुरोध गर्दछौ ।

साथै, उक्त बैठकले **ग्लोबल आइएमई समुन्नत योजना-२** का इकाईधनीहरुलाई आ.व. २०८२/०८३ का लागि लाभांश वितरण नगर्ने निर्णय भएको व्यहोरा समेत तहाँको जानकारीका लागि अनुरोध गर्दछौं ।

Global IME Capital Limited, Kathmandu, Nepal

भवदीय,

(मन्दिप लुइटेल)
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ**

१. श्री कोष सुपरिवेक्षक, ग्लोबल आइएमई ब्यालेन्सड फण्ड-१ ।
२. श्री कोष सुपरिवेक्षक, ग्लोबल आइएमई समुन्नत योजना-२ ।
३. श्री कोष प्रवर्द्धक, ग्लोबल आइएमई बैक लिमीटेड, कमलादी, काठमाण्डौं ।